# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

बैंक तथा वित्तीय संस्था नियमन विभाग


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/३/०७९/८०

मिति: २०७९/०८/२८

**"घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ।

## नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क्र.सं. | **इ.प्रा.निर्देशन नं.** | **एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था** | **एकीकृत निर्देशन २०७८ मा संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था** |
|---|---|---|---|
| १ | नि.नं. १४/०७८ को बुँदा नं. २ को उप बुँदा (ख) मा संशोधन | (ख) लघुवित्त वित्तीय संस्थाले २०७८ पुष मसान्तदेखि मासिक रुपले अनुसूची-१५.१ बमोजिम आधार दर तयार गरी महिना समाप्त भएको १५ दिन भित्र यस बैंकमा पेश गर्नुपर्ने छ । | (ख) लघुवित्त वित्तीय संस्थाले मासिक रुपले अनुसूची-१५.१ बमोजिम आधार दर तयार गरी महिना समाप्त भएको १५ दिनभित्र यस बैंकमा पेश गर्नुपर्ने छ । **साथै, २०७९ माघदेखि आधार दर मासिक रुपमा आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।** |